नेपाल ग्रामीण पुनर्निर्माण संस्थाः(आरआरएन),समुदाय सहयोग कार्यक्रम खोटाङद्धारा प्रकाशित पाक्षिक

# शान्तिका लागि सचेतना

बर्ष १, अंक १, दिक्तेल, खोटाङ २०६८ अषाढ १ गते बुधबार Wednesday 15 June 2011 १

विशेष जानकारी

## नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) सन् १९८९ मा स्थापना भएको एउटा गैरनाफामूखी गैरसरकारी संस्था हो । यस संस्थाका कार्यक्रमहरु गरिबी निवारण, सशक्तिकरण, सामाजिक रुपान्तरण, द्वन्द्व व्यवस्थापन लगायत मानवअधिकार तथा शान्ति स्थापनामा केन्द्रित रहेका छन् । यसले सहजीकरण, सामाजिक परिचालन तथा स्वसंगठनका प्रक्रियाबाट विपन्न वर्गहरु, खासगरि दलित, जनजाति, महिला, किसान तथा बालबालिका र अन्य जोखिममा परेका समुदायहरुसंग काम गर्दै आइरहेको छ । आरआरएनले विकास-निर्माणका कार्यक्रमहरुलाई जनताको मानवअधिकारको संरक्षण तथा प्रवर्द्धन गर्ने दृष्टिकोणबाट संचालन गर्ने गरेको छ । यसको अर्थ, जनताका अधिकारहरुको सम्मान गर्दै, उनीहरुलाई सशक्तिकरण गर्न आफ्ना कार्ययोजना, कार्यप्रणाली र प्राथामिकताहरुलाई समयानुकूल प्रगतिशील परिर्वतन गर्नु हो । तसर्थ, जनताका आर्थिक, सामाजिक, सांस्कृतिक तथा विकासका अधिकार लगायत अन्य आधारभुत मानव अधिकारलाई आरआरएनले आफ्ना सबैतहका कार्यक्रम, नीति तथा योजनाहरुमा समायोजन गरेको छ । आरआरएन समान उद्देश्य भएका, खासगरी अधिकारमुखी पद्धती अंगालेका र गरीबमुखी नीतिको वकालत गर्ने नेपाल र नेपाल बाहिरका नागरीक समाजहरुसँग मिलेर काम गर्दछन् ।

यो संस्था कैयन राष्ट्रिय तथा अन्तरार्ष्ट्रिय सञ्जालहरुमा सक्रियताका साथ संलग्न रहेको छ । हाल आरआरएनले गरिबि उन्मुलनका लागि दक्षिण एसिया मञ्च (SAAPE) र अति–कमबिकसित राष्ट्रहरुको नागरिक निगारानी मञ्च (LDC Watch) का सचिवालयहरू समन्वय र संचालन गरिरहेको छ भने कर्पोरेट विश्वव्यापीकरण विरुद्ध समूह नेपाल, बँदुवामजदुर सरोकार समूह, ऋण तथा विकाससम्बन्धी एशिया प्रशान्त क्षेत्रीय आन्दोलन जुबिली साउथ (APMDD-Jubilee south) आदिमा यसको सकृय संलग्नता रहेको छ ।

यसको साथै आरआरएनले राष्ट्रसंघीय आर्थिक तथा सामाजिक परिषद् (ECOSOS) को विशेष परामर्शदातृको हैसियत समेत प्राप्त गरेको छ ।

राष्ट्रिय स्तरमा आरआएनले महिला तथा बालबालिका बेचबिखान बिरुद्ध सञ्जाल (AATWIN) को सदस्य, वालवालिका शान्तिक्षेत्र अभियान (CZOP) को सदस्य, खाद्य अधिकारको लागि राष्ट्रिय संजाल नेपालको सचिवालय तथा मानवअधिकार सन्धि अनुगमन संयोजन समिति अन्तर्गत आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार उपसमितिको संयोजकको रुपमा समेत महत्वपूर्ण भूमीका निभाइ रहेको छ । यसले विश्व सामाजिक विकास सम्मेलन (सन् १९९५ र २०००) र विश्व खाद्य सम्मेलन (सन् १९९६ र २००२) को नेपालको नागरिक समाजको राष्ट्रिय सचिवालयको रुपमा समेत काम गरिसकेको छ ।

**परिकल्पना :**

आरआरएन सम्पूर्ण नागरिकहरुको लागि न्याय र समानता, शान्ति र समृद्धियुक्त विश्वको परिकल्पना गर्दछ ।

**लक्ष्य :**

आरआरएन ग्रामीण जनता खास गरी गरीब, महिला, किसान, भूमीहिन र अन्य पाखा पारिएका र सामाजिक रुपमा उत्पीडित जनताको सामाजिक, आर्थिक र राजनीतिक सशक्तिकरणको मध्यमबाट न्यायपूर्ण समतामूलक, शान्तिपूर्ण र समृद्ध समाजको निर्माणका लागि उपयुक्त वातावरण सृजन गर्नका लागि प्रतिवद्ध रहेको छ ।

**उद्देश्यहरु :**

- निमुखा, शोषित, सिमान्तीकृत र जोखिममा परेका ग्रामीण गरीबहरुको आर्थिक सामाजिक स्तरमा सुधार ल्याउने
- समस्या समाधान तर्फ उन्मुख र कार्यमूलक अनुसन्धानहरु संचालन गर्ने
- गरीबीका मुल कारणहरु, मानवअधिकारको उल्लंघन तथा विकाससम्बन्धी विभिन्न मुद्दाहरुमा स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा जनवकालत तथा अभियानहरु संचालन गर्ने ।

**चारपत्रे अवधारणा**

आरआरएनले ग्रामीण पुनर्निर्माणको चारपत्रे अवधारणा लाई आफ्ना सम्पूर्ण विकास निर्माण कार्यक्रमहरुको लागि आधार मान्दछ । यसअनुसार निम्न चारप्रमुख पक्षहरुलाई विशेष जोड दिन्छ :

१. निरक्षरता र अशिक्षासँग जुझ्नका लागि शिक्षा र सचेतना
२. गरिबी र भोकसँग लड्नका लागि जिविकोपार्जन
३. रोगबाट बाँच्न र स्वास्थ्यको अधिकारको अभिबृद्धि गर्न स्वास्थ्य
४. संस्थागत विकासको माध्यमबाट नागरिक नैराश्यतालाई हटाउदै आत्मनिर्भता तर्फ अगाडि बढ्न स्वशासन

ग्रामीण जनता जुनसुकै समाजको भएतापनि उनीहरु एक आपसमा अल्झिएका चारवटा मुख्य समास्याहरु- अशिक्षा, गरीबी, रोग र नैरश्यताबाट ग्रसीत हुन्छन् । ग्रामीण विकासका लागि यि चारवटा मध्ये कुनै पनि एकको मात्र समाधान भएमा पुनर्निर्माण भएको मानिदैन । तसर्थ चारवटै समास्या विरुद्ध एकीकृत कार्यक्रम संचालन गर्नु पर्दछ भन्ने आरआरएनको मान्यता रहेको छ ।

## सम्पादकीय

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) समुदाय सहयोग कार्यक्रम दोस्रो चरण, खोटाङद्धारा प्रकाशित यस **शान्तिका लागि सचेतना बुलेटिन** शान्ति प्रबर्द्धन केन्द्रका सदस्यहरु तथा अन्य समुदायको सफलताको कथा, कविता, लेख रचना तथा अन्य जिल्लाका उदाहरणीय कामको बारेमा सबैसंग सुसुचित गर्ने मुख्य उद्धेश्यका साथ शुरुवात गरिएको हो । यस बुलेटिनमा अधिकारमा आधारित सचेतनामुलक, सीप विकास तथा जीविकोपार्जनसंग सम्बन्धीत र विकाससंग सम्बन्धित अन्य उदाहरणीय लेख रचनाका साथै आरआरएन सिएसपी खोटाङको गतिविधीहरु उल्लेख हुनेछ ।

यो हाम्रो पहिलो अंक हो यस बुलेटिनलाई पठनीय र जानकारीमुलक बनाउनका लागि हामी तपाईहरुबाट निरन्तर सुझाव, सल्लाह र सृजनात्मक आलोचनाको अपेक्षा राख्दछौं । यसको साथै आगामी अंकको लागि माथि उल्लेखित विषय भित्र रही आफ्ना अमुल्य लेख, रचना पठाई प्रकाशनमा सहयोग गरिदिनु समेत सबैलाई विनम्र अनुरोध गर्दछौं ।

# समुदाय सहयोग कायक्रम

युकेएड/अन्तर्राष्ट्रिय विकास विभागको सहयोगमा समुदाय सहयोग कार्यक्रम नेपालका ४४ जिल्लाहरुमा संचालित छन् । जस मध्ये नेपाल ग्रामीण पुनर्निर्माण संस्था-आर.आर.एन. ले हिमाल, पहाड र तराई गरी १९ वटा जिल्लाहरुमा गरिब, विपन्न तथा जोखिममा परेका समुदायहरुको गरिबी न्यूनिकरण तथा सामाजिक समाबेशीकरणलाई अभिबृद्धि गर्ने मुख्य लक्ष्यका साथ संचालन गरि रहेको छ । यस समुदाय सहयोग कार्यक्रम प्रथम चरणको सफलता पश्चात दोस्रो चरणको रुपमा अप्रिल २०१० देखि मार्च २०१२ सम्म दुई बर्षको लागि संचालन भइरहेको छ । आर.आर.एन. जिल्ला कार्यालय खोटाङले स्थानीय निकाय तथा समुदायिक विकास कार्यक्रमले गरेको अतिविपन्न बर्गको तथ्याङ्क **(LGCDP DAG Mapping)** को आधारमा पछाडि पारिएको जिल्लाका ६ वटा गा.वि.स.हरु पाथेका, खार्मी, चिउरीडाँडा, निर्मलीडाँडा, चिप्लीङ र इन्द्रयणीपोखरीलाई कार्यक्षेत्र बनाएर समुदाय सहयोग कार्यक्रम-दोस्रो संचालन गरिरहेको छ ।

### लक्ष्य

यस कार्यक्रमको मुख्य लक्ष्य गरिबी न्यूनिकरण तथा सामाजिक समाबेशीकरण अभिबृद्धि गर्ने ।

### उद्धेश्य

यस कार्यक्रमको मुख्य उद्धेश्य गरिब तथा बन्चितीमा परेका बर्गहरुलाई समुदायमा आधारित विकासको अवसरमा पहुँच बृद्धि गर्ने ।

### यसका विशिष्ट उद्धेश्यहरु तथा प्रतिफलहरु

१. आधारभुत सेवा संरचनाहरुको सुधार र त्यसमा समुदायको पहुँच बृद्धि गर्ने ।
२. स्थानीयरुपमा निर्माण भएका भौतिक संरचनाहरुको दिगो र न्यायोचित ब्यवस्थापनका लागि उपभोक्ता समुह समुदायमा आधारित संघ सस्थाहरुको क्षमता विकासमा सहयोग गर्ने ।
३. गरिब र बन्चितीमा परेको समुदायको दिगो आयआर्जन क्षमतामा सशक्तीकरण गर्ने ।
४. कार्यक्रमका सिकाई र असल अभ्यासहरुलाई गाविस, जिविसको योजना र अनुगमन प्रकृयामा समायोजन गर्दै एकीकृतरुपमा स्थानीय शासन तथा समुदायिक विकास कार्यक्रम LGCDP सँग सहकार्य गर्ने ।
५. गरिब र बन्चितीमा परेका समुदायहरुको अधिकार दावी गर्नका लागि सामाजिक अभियान संचालन गर्ने कार्यमा उनीहरुको क्षमता बढाउने ।
६. प्रकोप प्रभावित समुदायलाई आपतकालिन राहत सहयोग र पुनर्स्थापनाका लागि सहयोग पुर्‍याउने ।

### कार्यक्रमको रणनीति वा दृष्टिकोण

- गरिब तथा बन्चित समुदायको क्षमता विकास
- समाबेशी परियोजना कार्यान्वयन
- पारदर्शिताका लागि सार्वजनिक लेखापरिक्षण
- सम्बन्धित निकायसंग सहकार्य तथा समन्वय
- अधिक्तम स्थानीय श्रोतसाधनको परिचालन
- संयुक्त अनुगमन
- कसैलाई हानी नपुर्‍याउने र सुरक्षित तथा प्रभाकारी विकास

### कार्यक्रमको क्रियाकलाप

- **आधारभुत सेवा संरचनाहरुको सुधार र पहुँच कार्यक्रमः** विद्यालय, खानेपानी, बाटोघाटो, स्वास्थ्य चौकी, सामुदायिक भवन, सिचाई, कल्भर्ट आदि ।
- **सीप विकास र जीविकोपार्जन कायृक्रमः** ब्यावसायिक तालिम (ग्रामीण पशुस्वास्थ्य कार्यकर्ता, हाउस वाइरिङ्ग, मेकानिकल, सिलाईबुनाई, बाखापालन, बंगुरपालन, बेमौसमी तरकारी खेती, ब्यवसायिक मशलाबाली तालिम तथा समुदायमा आधारित अन्य) र त्योसंग सम्बन्धीत छिटै प्रतिफल आउने बस्तु तथा सामाग्री सहयोग गर्ने ।
- **क्षमता विकास कार्यक्रमः** समुदायस्तरमा शान्ति प्रबर्द्धन केन्द्र गठन गरि सप्ताहिक चेतनामुलक छलफल वा रिफ्लेक कक्षा चलाउने, आधिकारमा आधारित तालिम र सामाजिक अभियान चलाउने ।
- **सहकार्य तथा समन्वयमाः** स्थानीय विकास अधिकारीको संयोजकत्वमा विषयगत कार्यालयको प्रमुखहरु सम्मिलित ११ जनाको योजना छनौट तथा अनुगगमन समिति गठन, बार्षिक कार्यक्रमलाई जिल्ला परिषदमा अनुमोदन गर्ने, गा.वि.स. परिषदमा समेत अनुमोदन गर्ने, चौमासिक **PSMC** को बैठक, **LGCDP** संग सामाजिक परिचालनको कार्यान्वनमा संसगै जाने र सरकारी तथा गैरसरकारीसंस्था, उपभोक्तासंग निकट भएर परियोजना कार्यान्वयन गर्ने ।
- **संयुक्त अनुगमनः** स्थानीयस्तरको अनुगमन, जिल्लास्तरको अनुगमन र केन्द्रीयस्तरको अनुगमन

आरआरएन (सिएसपी) खोटाङद्वारा प्रकाशित पाक्षिक
**शान्तिका लागि सचेतना**
**बर्ष १, अंक १**
**२०६८ असाढ १ गते बुधबार**
**Wednesday 15 June 2011**

**सल्लाहकार**
कुलचन्द्र दाहाल
नविन कार्की
**सम्पादन मण्डल**
**संयोजक**
रिदारसिरु लामा
**सदस्यहरु**
पेम्बा तामाङ, टहल जिरेल
पर्शुराम आचार्य, योग्यराज अधिकारी

**सम्पर्क**
फोन न. ०३६-४२०५५७
इमेलः rrndiktel@gmail.com
दिक्तेल, खोटाङ

## संसार बदल्ने कुरा

जब म जवान थिएँ, मलाई संसार बदल्ने चाहना भयो। मैले थाहा पाएँ संसार बदल्न त गाह्रो पो रहेछ। त्यसैले मैले आफ्नो देशलाई बदल्न खोजे। जब मैले आफ्नो देशलाई पनि बदल्न सकिन, मैले आफ्नो ध्यान आफ्नै समुदायमा केन्द्रित गरें। त्यो पनि संभव भएन, र मैले आफ्नो परिवारलाई बदल्ने प्रयास गरें। म अहिले बूढो मान्छे भएँ र मलाई थाहा भयो कि मैले परिवर्तन गर्न सक्ने त म आफू मात्र रहेछु। आफूलाई परिवर्तन गरेपछि परिवारलाई बदल्न सक्थे; म र मेरो परिवार मिलेर समुदायलाई बदल्न सक्थ्यौं। समुदाय-समुदायको परिवर्तनले आफ्नो देशलाई बदल्न सकिन्थ्यो; र अन्तमा मैले संसारलाई परिवर्तन गर्न सक्थें।

## विकास र गरिब

पहिलो पटक तपाई आउंदा तिमीहरु गरिब छौ भन्नु भो
दोश्रो पटक तपाई आउंदा तिमीहरु गरिब होईन पिडित छौ भन्नु भो ।
तेश्रो पटक तपाई आउंदा तिमीहरु पिडित होइन, सिमान्तकृत वर्ग छौ भन्नु भो ।
अव तपाई भन्नु हुन्छ तिमीहरु सिमान्तकृत होइन लाभबाट बन्चित वर्ग छौ ।
यसरी तपाई पटक पटक हाम्रो नाम परिवर्तन गर्नुभो तर हामी परिवर्तन भएको छैन ।
तथापी हाम्रो अवलोकनमा तपाईमा परिवर्तन भएको छ

**किनकिः**

पहिलो पटक तपाई हिडेर आउनु भो ।
दोश्रो पटक तपाई साईकलमा आउनु भो ।
तेश्रो पटक तपाई मोटरसाईकलमा आउनु भो ।
यस पटक तपाई ठुलो गाडीमा आउनुभयो ।

**तपाई सम्मान चाहानु हुन्छ भने अरुको पनि सम्मान गर्न सिक्नुहोस् ।**

# हामी ढुक्कले पढ्न पाउने भयौ



रिदार लामा
RRN खोटाङ




एकछिन सोचौं त पुरानो चर्कीएको भवन, पानी चुहिने छानोमा बसेर अध्ययन गर्दा विद्यार्थीले कति नै सिक्न सक्ला ? यस्तै अवस्था थियो दुर्छिम गा.वि.स. ५ मा वि.स. २०१७ सालमा स्थापित श्री दामोदर महासिंह प्राथमिक विद्यालयमा पढ्ने विद्यार्थीको यथार्थ । स्थापना कालदेखि नै समुदायको स्वामित्वमा रहेको विद्यालयमा हालसम्म कुनै निकायको सहयोग प्राप्त नभएको स्थापना कालमा बनाएको भवनले बताउछ । खोटाङ जिल्लाको सदरमुकाम दिक्तेल देखि १३ कोष टाढा पश्चिम क्षेत्रमा अवस्थित दुर्छिम गाउ राईहरुको बहुल्यता भएको बस्ती हो । जहाँ भौगोलिक विकटतासँगै विकासमा पनि पछाडिपारिएको छ । नेपाल ग्रामीण पुनर्निर्माण संस्था: आर.आर.एन.को प्राविधिक तथा समाजिक परिचालकको स्थलगत अबलोकन पश्चात स्थानीयबासीको सक्रिय पहल र अग्रसरतामा ४ महिनामा नै योजना सम्पन्न गरियो । दुइकोठे भवन आर.आर.एन. युकेएडको रु ३९८०९९।- र समुदायको रु १२६१९५।- बराबरको जनश्रमदान गरि कुल रु ५२४२९४।- लागतमा निर्माण भएको छ । उक्त योजनाबाट प्रत्यक्ष रुपमा ८३ घरधुरीका ५३ छात्रा र ६८ छात्र गरि जम्मा १२१ जनालाई लावान्वित भएका छन् । विकासका भोका यहाँका अभिभावकहरु आफ्नो छोराछोरी पढाउने विद्यालय बनाउन सक्रिय सहभागिता भएको थियो जसको परिणाम स्वरुप बर्षाको समयमा पनि पानी झरी नभनी लागिरहेको निर्माण समितिका अध्यक्ष पुण्यबहादुर राई बताउछ ।

वि.स. २०१७ सालमा बनाएको विद्यालय चर्कीएर र छानाबाट पानी चुहुने समस्याले गर्दा बर्षाको समयमा प्राय विदा दिने गर्थ्यो तर अब यस समस्याबाट मुक्ति मिलेको बताउन्छीन् प्राधानाध्यापक सुमित्रा राई । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मकर राई बताउनु हुन्छ "हामीले विभिन्न सरकारी तथा गैरसरकारी निकायमा समस्या लिएर माग गरिएपनि कहिबाट सुनुवाइ नभएपछि आफ्नै पहलमा छाप्रो बनाउने सोचमा पुगेको थियो त्यसबेला आरआरएनले सहयोग गरि छाप्रोलाई राम्रो भवन बनाउन सफल भएकोमा हृदयदेखि नै आभार व्यक्त गर्दछु ।"




नयाँ भवनमा पढन पाएपछि विद्यार्थीहरु खुशीले कक्षाकोठा भित्र नै पढि रहनुका साथै अनुशासनमा पनि परिवर्तन आएको शिक्षिका प्रतिज्ञा राई बताउछीन् । विद्यालयका प्राधानाध्यापक सुमित्रा राई बताउनु हुन्छ "आरआरएनको सहयोगमा निर्मित नयाँ भवन निर्माण पश्चात अहिले निरन्तर विद्यालय आउने विद्यार्थी संख्यामा पनि करिब १२ प्रतिशत जति बृद्धि भएको छ ।" नयाँ कक्षाकोठामा रमाएर पढिरहेका विद्यार्थीहरु एकअपासमा कुरा गर्दै थिए अब त हामी ढुक्कले पढ्न पाउने भयौं ।

## नेपाल ग्रामीण पुनर्निर्माण संस्था:आरआरएन, समुदाय सहयोग कार्यक्रम दोस्रो चरण खोटाङको गतिविधीहरु

१.मिति २०६८ बैशाख १६ गते स्थानीय विकास अधिकारी श्री बसन्तकुमार भण्डारीको अध्यक्षतामा बसेको पाचौ **योजना छनौट तथा अनुगमन समिति (PSMC)** को बैठक सम्पन्न भएको छ । उक्त बैठकमा समिति सदस्य सचिव रिदारसिरु लामाले यस बर्षको बार्षिक कार्यक्रम प्रस्तुत गर्नुका साथै ५ वटा योजनाहरु पाचौ त्रैमासिकका लागि अनुमोदन गरिएको थियो ।

२. मिति २०६८ बैशाख २१ गतेदेखि २३ गतेसम्म **स्थानीय सहजकर्ता पुनरताजकी प्रशिक्षक प्रशिक्षण तालिम** आर.आर.एन.कार्यालय दिक्तेलमा सम्पन्न भएको छ । तालिममा १ जना पूरुष सहित ११ जनाको सहजकर्ताहरु सहभागी भएका थिए । उक्त तालिममा जि.वि.स. योजना अधिकृत, दिनेश तिम्सिना, रा.मा.अ.आ.का प्रमुख नितु गर्तौला, लोकनाथ घिमिरे, जिल्ला जनस्वास्थ्य कार्यालय, सिनियर नर्स ध्रुवलक्ष्मी राई र आर.आर.एन. जिल्ला संयोजक रिदार लामा, पेम्बा तामाङ, टहल जिरेलले सहजीकरण गर्नु भएको थियो ।

३. बैशाख अन्तिम हप्ताबाट निरन्तर १५ शान्ति प्रवर्द्धन केन्द्रहरुमा कक्षा शुरु भई संचालन भइरहेका छन् ।

४. पाचौ क्वाटरमा जम्मा ५ वटा भौतिक पुर्वाधार योजनाहरु संचालन भइरहेका छन् ।

क. श्री सिंहदेवी प्राथमिक विद्यालय दुईकोटे भवन निर्माण योजना, चिउरीडाँडा-९
ख. श्री जाल्पा नि.मा.वि. दुईकोट भवन निर्माण योजना पाथेका-९,
ग. बालबालिका नि.मा.वि. फर्निचर निर्माण योजना, चिउरीडाँडा-१,
घ. हुर्लुङ जाल्पा खार्मी बाक्सिला ग्रामीण सडक ट्रेक खोल्ने योजना, खार्मी-१,२ र ३ सम्पन्न
ङ. मेलुङसुङ्गदेखुमेखोला काठेपुल निर्माण योजना,खार्मी- ४

(बाकी पेज ४ मा)

## खोटाङ जिल्लाका मुख्य समाचारहरुः

१.जिल्ला विकास समितिको कार्यालयले स्थानीय निकाय तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) लाई जिल्लाको सबै गा.वि.स.मा कार्यान्वयन गर्नको लागि स्थानीय गैरसरकारी संस्थाहरुको छनौट गरिएको छ ।

२. खोटाङ जिल्लामा बर्षाको कारण पश्चिमी क्षेत्रबाट यातायत सेवा धुर्मी र हर्कपुर विचको (सुनकोशी) र जयरामघाटको (दुधकोशी) र पुर्वतिरको लेगुवाघाटमा फेदी संचालन नभएकोले सामाग्री ल्याउन समस्या हुनुका साथै सामाग्रीको मुल्यमा बृद्धि भएका छन् ।

## आरआरएन, अन्य जिल्लाको मुख्य गतिविधीहरुः

१.आरआरएन सिएसपी संखुवासभाको आयोजनामा मिति २०६८ जेठ १८-२२ गतेसम्म पाँचदिने स्थानीय सहजकर्ता तालिम सामुदायिक अध्ययन केन्द्र तुम्लिङ्गटारमासम्पन्न भएको छ । उक्त तालिमा ८ जना महिला सहित १२ सहभागी हुनुका साथै जि.स. बसन्त भण्डारी, भिम लिम्बु तथा आरआरएन संखुवासभाका अन्य कर्मचारीहरुले सहजीकरण गर्नु भएको थियो ।

२.आरआरएन सिएसपी भोजपुरको आयोजनामा मिति २०६८ जेठ ६-९ गतेसम्म चारदिने स्थानीय सहजकर्ता तालिम सम्पन्न भएको छ । उक्त तालिमा १२ जना महिला सहित १५ सहभागी हुनुका साथै जिल्लाका विभिन्न निकायका श्रोत ब्यक्तिले सहजीकरण गर्नु भएको थियो ।

३.आरआरएन सिएसपी सोलुखुम्बुको आयोजनामा मिति २०६८ जेठ १५-१९ गतेसम्म पाँचदिने स्थानीय सहजकर्ता तालिम सम्पन्न भएको छ । उक्त तालिमा १२ जना महिला सहभागी हुनुका साथै जिल्लाका विभिन्न निकायसका श्रोत ब्यक्तिले सहजीकरण गर्न भएको थियो ।

**साचो अर्थमा विकास भनेको विचारको परिवर्तन हो ।**

## आरआरएन, खोटाङ गतिविधीहरु

४. आरआरएन. सिएसपी खोटाङ र सामुदायिक रेडियो हलेसी एफ.एम. १०२.४ मेगाहर्ज विचको सहकार्यमा मिति २०६८ जेठ २३ गते सम्झौता भई हरेक सोमबार बेलुका ८ बजे देखि ८:३० बजे सम्म प्रशारण भइरहेको छ ।

५. आरआरएन. सिएसपी खोटाङले गरिब तथा पछाडि पारिएका १२ जना शिक्षित युवा बेरोजगारहरुलाई लक्षित गरि निशुल्क तीनमहिने आधाभुत कम्प्युटर तालिम खोटाङ विकास मञ्चसंगको सहकार्यमा यहि असाढ ५ गतेदेखि कक्षा शुरु हुदैछन् ।

६. जेठ १७ गते धुम्रपान दिबशको उपलक्ष्यमा खार्मी ६ र ७ स्थित गठित गोदाबारी शा.प्र.के. र नारीजारण शा.प्र.के.ले संयुक्त रुपमा धुम्रपान सेवन नगरौ, स्वस्थ जीवन बाचौं भन्दे अभियान संचालन गरिएको थियो ।

७ जेठ २२ गते वातावरण दिवसको उपलक्ष्यमा सुनगाभा महिला शा.प्र.को. खार्मी ३ र सुम्निमा सिकीपरी म.शा.प्र.के. बृक्षरोपन, सरसफाई तथा नाटक प्रदर्शन गरि अभियान संचालन गरिएको थियो ।

## गीत



हामी सब एक भई यो संस्थालाई जोगाउ
यो संस्थालाई जोगाएर शिखर माथी पुऱ्याउँ
हामी सबै मिलेर अन्धकारलाई हटाऔं
अन्धकारलाई हटाई उज्यालो बत्ती बालौं
उज्यालोको किरणसँगै शिक्षा आर्जन गरौं
शिक्षा दिने यो संस्थालाई सम्मान गर्ने गरौं
आफ्नो अधिकारको पाईला आफूले नै चाल्ने गरौं
आफ्नो भविष्यको बाटो आफूले नै खन्ने गरौं
जति दुःख कष्टमा पनि यो संस्थामा लागि परौं
अन्तिम जिन्दगीसम्म पनि अगाडी नै बढ्ने गरौं
हामी सब एक भई आर.आर.एन. लाई जोगाउँ
यो संस्थालाई जोगाएर शिखरमाथि पुऱ्याउँ
शिखरमाथि पुऱ्याउँ, शिखरमाथि पुऱ्याउँ ।

**सावित्रा राई**
लालिगुराँस वनपाला लसुने शान्ति प्रबर्द्धन केन्द्र
ईन्द्रेणीपोखरी ३, वनपाला, खोटाङ्ग

## गीत

फल र फुल फुलाउँछौं हामी बिउ नै छरेर
पछाडी हामी परेछौ धेरै दलित भएर ।
सालको पात टपरी गास्छौ सिन्कैले खिलेर
अगाडी हामी बडौं हैं अब दलित मिलेर ।
पियासै लाग्दा पानी है खानु अम्खोरा सारेर
अब चैं हामी सक्दैनौ संधै छुवाछुत बारेर ।
पानी है चुहींदा घर छाउँछौ हामी किनेर जस्ताले
छुवाछुत गर्न हटाई दियो आर.आर.एन. संस्थाले ।
कतिन्जेल हामी बसौं है सधै अन्याय सहेर
कतिन्जेल हामी दलिएर बस्नु दलित भएर ।
लाइटर मेरो पत्थरै जल्यो आगो नै बलेन
सीप है चल्दा श्रमै चल्दा पानी चैं चलेन ।

**सन्चमाया बि.क.**
सुनगाभा महिला शान्तीप्रवद्धन केन्द्र
पाथेका १ खोटाङ्ग



सरसफाई अभियान इन्द्रेणीपोखरीका शाान्ति प्रबर्द्धन केन्द्रका संयुक्त सदस्यहरु



समुदायको अगुवाइमा पुर्णसरसफाई अभियान पाथेकाका शान्ति प्रबर्द्धनका संयुक्त सदस्यहरु



आर.आर.एन.द्वारा गरिएको जिल्ला स्तरीय सयुक्त अनुगमन टोलीलाई पाथेका गा.वि.स., श्री सरस्वती मा.वि. र पाथेकामा गठित शाान्ति प्रबर्द्धन केन्द्रहरुले संयुक्त रुपमा आयोजना गरिएको अन्तरक्रिया कार्यक्रम पाथेका-८,



जिल्ला स्तरीय संयुक्त अनुगमन टोली देखुमखोला सिचाई कुलो मर्मत योजनाको नीरिक्षण गर्दै खार्मी-४

### खोटाङ जिल्लाका महत्वपुर्ण सम्पर्क फोन नम्बरहरु

- जिल्ला प्रशासन कार्यालय, ०३६-४२०१०२/१३३
- जिल्ला विकास समितिको कार्यालय, ०३६-४२०१२०
- जिल्ला प्रहरी कार्यालय ०३६-४२०१२१/१९९
- जिल्ला अस्पालत, ०३६-४२०१८८/१८९
- जिल्ला आयुर्वेद ०३६-४२०३९२
- जिल्ला शिक्षा कार्यालय, ०३६-४२०१०५
- राष्ट्रिय मानव अधिकार आयोग ०३६-४२०२८४
- आर.आर.एन. ०३६-४२०५५७
- नेपाल टेलिकम, ०३६-४२०१११/२२२

**महिलाहरु विरुद्धको सबै प्रकारको भेदभाव तथा हिंसाको अन्त्य गरौं ।**